# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०७६/०७७
चलानी नं :-

टोखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मैजुहिटी, काठमाडौं २०७३

मितिः- २०७७-०३-१७

## अत्यन्त जरुरी सूचना!!!

नेपालको कृषि क्षेत्रको चूनौतीको रुपमा सलह कीराको आक्रमण देखिन थालेको अवस्थामा टोखा नगरपालीकामा पनि यसको भुण्डहरु देखिएको हुँदा यसको नियन्त्रणका लागि निम्न बमोजिमका उपायहरु अपनाउनु हुन सम्बन्धित सबैमा टोखा नगरपालीका हार्दिक अनुरोध गर्दछ।

१. यो कीरा साँझपख सबै किसिमका बोटविरुवाहरुमा झुण्ड भै बास बस्न सक्ने हुँदा कीरा भगाउनको लागि बाली लगाएको खेतबारीमा थाल, टिन, मादल, लाउडस्पिकर, तथा अन्य आवाज निकाल्ने साधनहरुको प्रयोग गर्ने।

२. सलह कीरा भगाउनको लागि बाली लगाएको खेतबारीमा आगो बालेर धुँवा निकाल्ने, बाली लगाएको छेउमा दुईतिर बसेर लामो डोरी समाएर हल्लाउने।

३. सानो क्षेत्रमा लगाएको बाली, धानको ब्याड, तरकारी बालीमा सलह कीराको क्षती कम गर्न झुलले बालीलाई ढाक्ने।

४. सलह कीरा बसेको रुख तथा बोटविरुवा हल्लाई किरा भगाउने।

५. सलह कीरा नियन्त्रणको लागि चराहरुको बासस्थान संरक्षण गरि क्षती कम गर्ने ।

६. यो कीरा बढि नै प्रोटिनयुक्त भएकोले जाल वा पासोको प्रयोग गरि वा हातले टिपी हाँस तथा कुखुराको दानाको रुपमा प्रयोग गर्ने।

७. सलह किरा संकलन गरी आफ्नो वडामा बुझाउने व्यक्तिलाई प्रति कि.लो. रु. ५० को दरले प्रोत्साहन स्वरूप रकम उपलब्ध गराइनेछ।

८. सलह कीरा नियन्त्रणको लागि कीराको बासस्थान पहिचान गरि बिहान ६—८ बजे सम्म र बेलुका ६—७ बजे पछि निम्न विषादिहरु प्रयोग गर्ने: मालाथियन, क्लोरोपाइरिफस, बोरिक एसिड तथा अर्गानो फस्फेट समुहका कुनै विषादिहरु २ एम एल प्रतिलिटर पानीमा मिसाएर स्प्रे गर्ने।

नोट: थप जानकारीको लागि नगरपालिकाको कृषि शाखामा सम्पर्क गर्नु हुन वा निम्न नम्बरहरुमा सम्पर्क राख्नुहुन अनुरोध छ।
९८४१०१५१७५, ९८४३१८४१६७, ९८४२९७३७४५, ०१४३८६९१५

कृषि शाखा प्रमुख

२०७७।३।१७

(प्रदिप पौडेल)
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner